आज मिति २०८२।०८।०५ गते शुक्रबार विहान ११ बजे शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत ज्यूको अध्यक्षतामा एवं तपशिलका सदस्यहरूको उपस्थितीमा अध्यक्षको कार्यकक्षमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को दोस्रो बैठक बसी देहायका प्रस्तावहरू छलफल गरी निर्णय गरियो।

उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमा कुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल वली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के.सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्र बहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री अदिक्षा चुनारा | कार्यपालिका सदस्य |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |

**सहयोगी कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| | १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | पुरन चन्द्र आचार्य | शान्तिनगर गाउँपालिका |
| | २ | लेखा अधिकृत | धन बहादुर वली | शान्तिनगर गाउँपालिका |
| | ३ | स.क.अ | काशिमर भण्डारी | शान्तिनगर गाउँपालिका |
| | ४ | | | |

मिति २०८२।०८।०५ गतेको गाउँ कार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८(३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट प्रस्तुत गरिएको प्रस्तावहरूः

प्रस्तावहरू

१. गाउँ पालिकाको प्रशासकिय भवनको डि पिआर स्वीकृत तथा ठेक्का आवहान सम्बन्धमा ।

२. कृषि सहकारी संचालन अनुमति सम्बन्धमा ।

३. घ वर्गको निर्माण इजाजत अनुमति सम्बन्धमा ।

४. घर लगायतका संरचना अभिलेखिकरण सम्बन्धमा ।

५. करार शिक्षक/कर्मचारीको अनिवार्य अवकाशको उमेरहद निर्धारण तथा प्रोत्साहन रकम सम्बन्धमा ।

६. शान्तिनगर सामुदायिक पुस्तकालय सञ्चालन अनुमति सम्बन्धमा ।

७. नदिजन्य पदार्थको ठेक्का आह्वान सम्बन्धमा

८. विविध

निर्णय नं १:प्रस्ताव नं १ गाउँपालिकाको प्रशासकीय भवनको डिपिआर स्वीकृति तथा ठेक्का आह्वान सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका सँगको सम्झौता अनुसार रारा ईञ्जिनियरिङ कन्सल्टेन्सीले गाउँपालिकामा पेश गरेको गाउँपालिकाको प्रशासकीय भवनको डिपिआर स्वीकृति गरिसंझौता बमोजिमको रकम रु.१७,१५,०००.४४|– (भ्याट सहित) भुक्तानी गर्ने,

शान्तिनगर गाउँपालिकाको प्रशासकीय भवनको लागि तयार भएकोडिपिआरको मास्टर प्लानमाप्रशासनिक भवन,चमेना गृह,फुटपात,पार्किङ,बाउन्ड्रि वाल,गेट,गार्ड हाउस गरि जम्मा लागत अनुमानरु.२०,१५,७९,०४३.७९|–(भ्याट,पिस,कन्टिन्जेन्सी र प्राईज एडजसमेन्ट सहित) भएको डिपिआर स्वीकृत गरि सोही डिपिआरमा उल्लिखित सम्पुर्ण संरचनाहरु निर्माण गर्न पालिकाको कमजोर आन्तरिक आम्दानी र अत्याधिक खर्च आवश्यकतालाई मध्यनजर गरि प्रशासनिक भवन मात्रको लागत अनुमान रु.१०,८९,४२,९३०.५४|- (भ्याट,पिस र कन्टिन्जेन्सी सहित) रहेकोमा उक्त प्रशासनिक भवन संरचनाको मात्रबहुवर्षिय ठेक्का आह्वानबाट स्थानीय् तहको प्रशासकीय भवन पुर्वाधार विकास संचालन कार्यविधि-२०७९ बमोजिम लागत साझेदारीमा संचालन गर्ने गरि शान्तिनगर गाउँपालिकाको १८ औं गाउँसभाबाट गाउँपालिकाको प्रशासनिक भवन बहुवर्षीय रुपमा संचालन गर्न पालिकाको तर्फबाट व्यहोरिने रकम विनियोजन भएकोले स्थानीय पुर्वाधार विभागसंग समन्वय गरि स्वीकृत डिपिआर अनुसार गाउँपालिकाको प्रशासकीय भवनको भवन संरचना मात्रको विद्युतीय बोलपत्र आह्वानका लागि लागत अनुमान स्वीकृत गर्ने ,

**निर्णय नं २:** प्रस्ताव नं २ कृषि सहकारी सञ्चालन अनुमति सम्बन्धमा गाउँपालिकामा दर्ता तथा सञ्चालनका लागि निवेदन तथा आवश्यक कागजात प्राप्त हुन आएको र पेश भएका कागजातहरू रित पुर्वक पुरा भएको हुँदातपसिल बमोजिमका सहकारीहरुलाई शान्तिनगर गाउँपालिका सहकारी ऐन, २०७४ बमोजिमअनुमति प्रदान गर्ने

तपसिल

क.शिवशक्ति सहकारी संस्था शान्तिनगर २ बाघमारे दाङ

ख. सामाजिक उद्दमी सहकारी शान्तिनगर गाउँपालिका(गाउँपालिकाको साझेदारी परियोजनाले प्रबर्धनग गरेको कृषी तथा पशु उद्दमशिलता सम्बन्धि विशेष प्रकृतिको सहकारी संस्था भएको हुँदा यसको कार्यक्षेत्र शान्तिनगर गाउँपालिका भरी रहने)

प्रमुख प्रशासकीय अधिकृ

प्रमोद बस्नेत
अध्यक्ष

**निर्णय नं ३ :** घ वर्गको निर्माण व्यवसायी ईजाजत अनुमति सम्बन्धमा भन्ने विषयमा छलफल गर्दा शान्तिनगर गाउँपालिका वडा नं १ मा कार्यालय रहेको **डिजिका एण्ड डिजन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि र शान्तिनगर ६ मा रहेको पब्लिक निर्माण सेवाले** यस कार्यालयमा घ वर्गको निर्माण व्यवसायी ईजाजतका लागि पेश भएका कागजात अध्ययन गरि प्राविधिक शाखाबाट प्राप्त प्रतिवेदन समेत अध्ययन गर्दा उक्त फर्मलाई माग बमोजिमको **निर्माण व्यवसायी इजाजत-पत्र प्रदान गर्ने,**

**निर्णय नं ४:** घर लगायतका संरचना अभिलेखीकरण सम्बन्धमा शान्तिनगर गाउँपालिका भित्र बनेका संरचनाहरुमा भवन संहिता अनुसार अभिलेखिकरण आ व २०८२।०८३ को चैत्र मसान्त भित्र अभिलेखिकरण गर्न सार्वजनिक सूचना आह्वान गर्ने र चैत्र मसान्त पछि कुनैपनि अभिलेखिकरण सम्बन्धी कार्य नगर्ने/नगराउने, अब बन्ने संरचनाको अनिवार्य राष्ट्रिय भवन संहिता, NBC 205:2012 अनुसार नक्सापास गरि भवन निर्माण इजाजत प्रदान गर्ने,

**निर्णय नं. ५:**शान्तिनगर गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालय तथा सिकाई केन्द्रहरुमा कार्यरत करार शिक्षक/कर्मचारी/वालविकास सहजकर्ता/परिचालक लगायतको शिक्षा ऐन तथा नियमावली तथा अन्य प्रचलित कानुनमा अवकाशको उमेर सम्बन्धि स्पष्ट किटान भएको नदेखिएकोले त्यस्ता सबै प्रकारका अस्थायि/करार प्रकृतिका पदमा कार्यरत शिक्षक कर्मचारीको अनिवार्य अवकाशको उमेर शिक्षा सम्बन्धि प्रचलित कानुनमा उल्लेख भए अनुसार स्थायी शिक्षकसरह साठी (६०) बर्ष कायम गरी अनिवार्य अवकास हुने व्यवस्था मिलाउन सम्पूर्ण विद्यालयलाई निर्देशन दिने तथा ६० बर्षको अवकाश पश्चात नेपाल सरकार तथा अन्य सरकारी निकायबाट सुविधा नपाउने करार शिक्षक/कर्मचारी/वालविकास सहजकर्ता/परिचालकलाई लामो समयसम्म शिक्षण पेशा तथा विद्यालय शिक्षामा पुर्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन/सुविधा रकम उपलब्ध गराईदिन विद्यालयहरुबाट माग भई आएकोले १० वर्ष भन्दा बढि अवधि कार्यरत रहि ६० बर्षे उमेरको कारण अवकाश हुनेलाई गाउँपालिका मार्फत देहायको सुविधा रकम उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स. | अवकाश हुने पद | प्रोत्साहन सुविधा रकम | कैफियत |
|---|---|---|---|
| १. | विद्यालय कर्मचारी/प्रारमभिक वाल विकास सहजकर्ता/ परिचालक | रु. ५०००० /- (प्रतिव्यक्ति रु. पचास हजारका दरले) | |

**निर्णय नं. ६:** शान्तिनगर गाउँपालिका वडा नं. ४ मा स्थापना भई सञ्चालन हुन वडा नं. ४ को कार्यालयको सिफारिस सहित "शान्तिनगर सामुदायिक पुस्तकालय" नामक सामुदायिक पुस्तकालय सञ्चालन व्यवस्थापन अनुमतिको लागि पेश भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) मा उल्लेख भए वमोजिम उक्त शान्तिनगर सामुदायिक पुस्तकालय दर्ता गरी सञ्चालन तथा व्यवस्थापनको लागि अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ७:** शान्तिनगर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न नदि/खोलाहरूबाट स्वीकृत (IEE) प्रतिवेदन वमोजिमको परिमाणमा नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रि वितरण कार्यको लागु चालु आ.व. २०८२।०८३ मा मिति २०८२।०५।२३ गते पहिलो पटक विद्युतिय माध्यमबाट सूचना प्रकाशन गरी बोलपत्र/दरभाउपत्र आह्वान गरेकोमा रितपुर्वक बोलपत्र/दरभाउपत्र प्राप्त हुन नआएको कारण मिति २०८२।०६।२७ गते दोस्रो पटकको लागि विद्युतीय माध्यमबाट सूचना आह्वान

गरेकोमा समेत आवश्यक संख्या र रितपूर्वक बोलपत्र/दरभाउपत्र प्राप्त नभएकाले पुनः विद्युतीय माध्यमबाट नै बोलपत्र/दरभाउपत्रको सूचना प्रकाशन गरी आय ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** :शान्तिनगर गाउँपालिका वडा नं. ४ चिराघाटमा मिति २०८२ कार्तिक २७ देखि मंसिर ३ गतेसम्म संचालित भिमेश्वर मन्दिर विकास तथा व्यवस्थापनका लागि आयोजित महायज्ञमा मन्दिर विकास तथा उत्थानका लागि रू. १,११,१११।- (अक्षरुपी एक लाख एघार हजार एक सय एघार रूपैया मात्र) उपलब्ध गराउने।

**निर्णय नं ९** शान्तिनगर गाउँपालिकाले आ व २०८२।०८३ मा गाउँपालिकावासीहरुको २० युनिट सम्मको विद्युतको न्यूनतम महशुल निशुल्क गर्ने गरी नीति तथा कार्यक्रम स्वीकृत गरेको र सोही अनुसार बजेट समेत विनियोजन भएको हुँदा उपभोक्ताको न्यूनतम महसुल तिरिदिन नेपाल विद्युत प्राधीकरण तुलसीपुर वितरण केन्द्रको खातामा १० लाख रुपैयाँ पेश्की उपलब्ध गराउने।

**निर्णय नं. १०** विभुषण निर्माण सेवाले यस कार्यालयमा मिति २०८२।०८।१९ गते पेश गरेको निवेदन अनुसार उक्त 'घ' वर्गको निर्माण इजाजत पत्रको म्याद गुज्रिएकोमा दोब्बर जरीवाना तथा नविकरण शुल्क लिई एक पटकका लागि उक्त फर्मलाई नविकरण गर्ने।

**निर्णय नं. ११** शान्तिनगर गाउँपालिका वडा नं. ५ वैशामा नयाँ ब्रिकज्याक प्रविधिमा आधारित वि.एन. ईट्टा उद्योग संचालन गर्नको लागि शान्तिनगर गाउँपालिका वडा नं. ५ वैशा बस्ने तेज बहादुर शाह, श्री निरज शाह, श्री गोवर्धन शाह, निराजन मल्लले दाङ जिल्ला शान्तिनगर गाउँपालिका वडा नं. ५ बस्ने श्री तेज बहादुर शाह, श्री प्रदिप कुमार शाह, श्री शर्मिला घर्ती मगरको नाममा दर्ता श्रेस्ता भएको जग्गा दाङ धनौरी नक्सा नं. ९ (ख) अन्तर्गत कित्ता नं. ७४४, ७४५, ७४६, को क्षेत्रफल ०-१-१८, ०-११-१६, ०-१०-० रहेको जग्गा १५ वर्षे करार संझौता गरी व्यवसायिक रूपमा ब्रिकज्याक प्रविधिमा आधारित वि.एन. ईट्टा उद्योग संचालन गर्न वडा नं. ५ को सिफारिस पत्र, सर्जिमिन मुचुल्का, नागरिकताको प्रमाण पत्र, जग्गाको नक्सा, लालपुर्जाको प्रतिलिपि, जग्गा धनिसंगको संझौता पत्र समेत संलग्न राखि घरेलु तथा साना उद्योग कार्यालय दाङमा अनुमति सिफारिस पाउँ भनि निवेदन दर्ता गराउनु भएको हुँदा उक्त उद्योगलाई संचालन अनुमतिका लागि सिफारिस गर्ने।

**निर्णय नं. १२** शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को ठेक्का नं. आय ०२ बबई नदिको देविपुर घाटबाट नदिजन्य पदार्थ उठाउनको लागि मिति २०८१।१०।०७ गते बेगम कनस्ट्रक्सन सेवासंग ठेक्का संझौता भएको र बेगम कन्स्ट्रक्सन सेवाका प्रोपराइटर गणेश के.सी.ले मिति २०८२।०३।२४ गते स्टक प्रमाणित गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको तथा प्राविधिक प्रतिवेदनको आधारमा हाल १८८८.९ घ.मी नदिजन्य पदार्थ घाटगद्दि गरी राखेको हुँदा प्रमाणित भएको नदिजन्य पदार्थको स्टक प्रमाणित गरि विक्रि वितरणको लागि अनुमति प्रदान गर्ने।

अधिकृत

घर्तीमगर
अध्यक्ष

CS Scanned with CamScanner